# साल्गीको बलात्कृत आँसु कथाको समाजशास्त्रीय अध्ययन

**असमान लामा**
शिक्षण सहायक
नेपाली विभाग
युनाइटेड कलेज, ललितपुर, त्रि. वि., नेपाल
Email: asmanlama220@gmail.com

**लेखसार**

प्रस्तुत आलेख पारिजातद्वारा लिखित साल्गीको बलात्कृत आँसु कथाको समाजशास्त्रीय अध्ययनमा केन्द्रित छ । यस अध्ययननका लागि साहित्यका समाजशास्त्रीय व्याख्याता लुसिएँ गोल्डमानको उत्पत्तिमूलक संरचनावादी सिद्धान्तअअन्तर्गत पर्ने विश्वदृष्टिसम्बन्धी मान्यतालाई आधार बनाएर त्यसैका आधारमा यस कथाको विश्लेषण गरिएको छ । यस कथामा पञ्चायतकालीन समयमा नेपाली नारीहरू बेचबिखनको सिकार भई भोग्नु परको पीडा र यातनाका सापेक्षमा निर्माण भएको विचारधारा प्रस्तुत गरिएको छ । यस लेखका लागि सामग्री सङ्कलन गर्न पुस्तकालयको प्रयोग गरिएको छ । सङ्कलित सामग्री विश्लेषणका लागि निगमन विधि र लेख प्रस्तुतीकरणका लागि वर्णनात्मक विधिको प्रयोग गरी पाठपरक तथ्यका आधारमा कथामा अभिव्यक्त विश्वदृष्टिको विश्लेषण गरिएको छ । समाजशास्त्रीय अध्ययनका लागि विभिन्न पद्धतिहरू छन् र स्वयम् गोल्डमानकै पनि आख्यानको समाजशास्त्रीय अध्ययनका विभिन्न आधार छन् तर यहाँ विश्वदृष्टिलाई र संरचनाको समानधर्मितालाई मात्र मूल आधार बनाइएको छ र यो नै यस अध्ययनको सीमा हो । यस अध्ययनमा कथाभित्रको समाजमा यो स्पष्ट विश्वदृष्टि निर्माण भएको भने देखिँदैन तापनि यहाँ कथाकी पात्र साल्गी उत्पीडित नारीवर्गको प्रतिनिधि भएकीले उसको विचार सामूहिक विचार समेत भएकाले परिवर्तनगामी र प्रतिरोधी विश्वदृष्टि निर्माण भएको छ भन्ने निष्कर्ष निकालिएको छ, यसका साथै साल्गीले भोगेका दर्दनाक पीडा तत्कालीन नेपाली समाजको यथार्थसँग मेल खाने भएकाले संरचनाको समानधर्मिता रहेको निष्कर्ष प्रस्तुत गरिएको छ ।

*शब्दकुञ्जी* : निगमन, प्रतिरोधी, विचारधारा, विश्वदृष्टि

## विषयपरिचय

प्रस्तुत अध्ययनको विषय *साल्गीको बलात्कृत आँसु* कथामा विश्वदृष्टि रहेको छ । साहित्यको समाजशास्त्रीय चिन्तनमा विश्वदृष्टिलाई नयाँ अवधारणा मानिन्छ । साहित्यलाई विश्लेषण गर्ने विभिन्न पद्धतिमध्ये विश्वदृष्टि पनि एक हो । साहित्यको समाजशास्त्रीय कोणबाट व्याख्या गर्ने लसिुएँ गोल्डमानको यस विश्वदृष्टिको सिद्धान्तले समाज वा वर्गको विचारधारालाई केन्द्रमा राखेर साहित्यको अध्ययन गर्दछ । यसले साहित्यमा अभिव्यक्त चेतना व्यक्तिको नभई समुदायको चेतना वा विचार अभिव्यक्त हुने मान्दछ । यसले साहित्यमा हुने सत्ता, वर्ग, जाति, पेसा, लिङ्गअनुसारको पनि विश्वदृष्टि निर्माण हुने विषयको अध्ययन गर्दछ ।

पारिजात स्वच्छन्दतावादी र विसङ्गतिवादी हँ’दै प्रगतिवादी विचारधारालाई अवलम्बन गरी कथा लेख्ने स्रष्टा ह’न् । उनका *आदिम देश (२०२५), सडक र प्रतिभा (२०३२), साल्गीको बलात्कृत आँस’(२०४३), बधशाला जाँदा आउँदा (२०४९)* कथासङ्ग्रह प्रकाशित छन् । *साल्गीको बलात्कृत आँस’* कथा नारीलाई केन्द्रीय विषय बनाएर लेखिएको छ । यसमा नारीको बेचबिखन, उनीहरूमाथि ह’ने शोषण र अत्याचारलाई संवेद्य ढङ्गले प्रस्त’त

गरिएको छ । बलात्कृत भएकी साल्गीको भोगाइ, अन'भ''ति र उसमा उद्ब'द्ध चेतनाले ऊभित्र प्रतिरोधको मानसिकता जन्मिएको छ । शोषित नारी साल्गीको अन'भ''ति र चेतना ऊ मात्रको नभई सम्प''र्ण शोषित नारी वर्गको चेतना बन्न प'गेको छ । यस अध्ययनमा नारीमाथि ह'ने अत्याचारका कारण उनीहरूमा कस्तो विचारधारा निर्माण ह'न्छ भन्ने जिज्ञासा उत्पन्न भएको छ । यस अध्ययनमा *साल्गीको बलात्कृत आँस'* कथालाई समाजशास्त्रीय कोणबाट अध्ययनका लागि सम'दायको विश्वदृष्टि कस्तो रहेको छ ? संरचनाको समानधर्मिता कस्तो रहेको छ र सम्भावित यथार्थको अवस्था कस्तो छ भन्ने जिज्ञासा उत्पन्न भएका छन् । यस लेखमा यिनै जिज्ञासाहरूलाई समाधान गर्नका निम्ति *साल्गीको बलात्कृत आँस'* कथाको विश्लेषण गरिएको छ ।

## शोध सामग्री तथा विधि

प्रस्तुत अध्ययनपत्रको कार्यलाई प्रामाणिक निष्कर्षमा पुऱ्याउनका लागि आवश्यक सामग्री सङ्कलन पुस्तकालयीय अध्ययन कार्यबाट गरिएको छ । सङ्कलित सामग्री प्राथमिक र द्वितीयक गरी दुई प्रकारका छन् । *साल्गीको बलात्कृत आँसु* प्राथमिक स्रोत हो र यसका पठनबाट लिइने सामग्री उपयोग गरिएको छ । आवश्यकता अनुसार विभिन्न समालोचना र पुस्तक आदिलाई द्वितीय स्रोतका रुपमा लिइएको छ । प्रस्तुत अध्ययन गुणात्मक पद्धतिमा आधारित भएकाले सङ्लित सामग्रीको विश्लेषणका लागि पाठात्मक विश्लेषण पद्धति अपनाइएको छ । पाठ विश्लेषणका लागि लुसिएँ गोल्डमानको उत्पत्तिमूलक संरचना अन्तर्गत पर्ने विश्वदृष्टिसम्बन्धी सिद्धान्तलाई सैद्धान्तिक पर्याधारका रूपमा लिई निगमन विधिद्वारा सामग्रीको अर्थापन गरिएको छ ।

## सैद्धान्तिक अवधारणा

विश्वदृष्टि फ्रान्सेली चिन्तक लुसिएँ गोल्डमानबाट प्रतिपादित सिद्धान्त हो । विश्वदृष्टि एक सुस्पष्ट र सङ्लिएको विचारधारा अर्थात् चेतना हो । यो समाजसापेक्ष, संस्कृतिसापेक्ष र वर्गसापेक्ष र विश्वजनीन पनि हुन सक्दछ । विश्वदृष्टिका सम्बन्धमा गोल्डमान (२००६) भन्छन् :

> विश्वदृष्टि एक वर्ग वा समूहको जीवनको जीवन र जगत्का बारेको सुसङ्गत दृष्टिकोण हो । व्यक्तिको विचारमा प्रायः सङ्गति र एकरूपता यसकारण हुँदैन किनकि विश्वदृष्टि व्यक्तिको विचारको वास्तविक रूप होइन । त्यसको विकास कुनै समूह वा वर्गले नै सामाजिक ऐतिहासिक प्रक्रियामा गर्दछ । कुनै वर्ग वा समूह दोस्रो वर्ग वा समूहसँग भिन्नभिन्नको सम्बन्ध बनाएर भाव वा विचारको एक व्यवस्थाको निर्माण गर्दछ । यसका साथै त्यस्तो सम्बन्धमा पनि त्यस विचार व्यवस्थाको विकास गर्दछ । यही विचार व्यवस्था विश्वदृष्टिको रूप धारण गर्दछ । जसको निर्माता कुनै एक व्यक्ति नभई पूरा वर्ग वा समुदाय हुन्छ । (पृ.१४८/१४९)

विश्वदृष्टि मात्र वैयक्तिक चेतनामा मात्र सीमित हुँदैन । समाजमा चेतना निर्माणमा व्यक्तिको अहम् भूमिका हुने भए तापनि विश्वदृष्टि यस्तो चेतना हो जसले आम वर्ग, समुदाय र सिङ्गो समाजसँग तादात्म्य राख्दछ । एक व्यक्तिको चेतना विश्वदृष्टिसँग मेल खाए तापनि यो सामूहिक चेतनाका रूपमा रहन्छ । यसको विकास एकै पटकमा हुँदैन र यो कालक्रमिक रूपमा निर्माण हुँदै जान्छ । यसको निर्माणमा वर्गीय सम्बन्धले प्रभाव पार्दछ अर्थात् वर्गहरूको आआफ्नै ढङ्गका विश्वदृष्टिको निर्माण भएको हुन्छ । ताराकान्त पाण्डेय(२०७३) का अनुसार वास्तवमा एकजना व्यक्तिको अनुभव यति सीमित र सङ्कुचित हुन्छ कि त्यसबाट सार्थक मानसिक संरचना/विश्वदृष्टिको विकास/सृष्टि सम्भव हुँदैन । त्यसको रचना एउटा सामाजिक वर्गले लामो समयमा गर्नसक्छ र त्यसैले रचनामा यसको अध्ययन आवश्यक हुन्छ (पृ.१९) । यस परिभाषाअनुसार विश्वदृष्टिले व्यक्तिगत

चेतनालाई भन्दा सामूहिक चेतना वा विचारधारालाई महत्त्व दिन्छ । यसको निर्माणमा समाज अथवा सामाजिक वर्ग लामो समयदेखि निरन्तर निर्माण प्रक्रियामा रहन्छ । यसको निर्माणमा सामाजिक वर्गकै भूमिका रहन्छ । विश्वदृष्टि विचारको पूर्णतन्त्र, जसरी बुद्धिवाद, अनुभववाद, मार्क्सवाद-कुनै असाधारण व्यक्ति, लेखक, दार्शनिकद्वारा प्रदान गर्दछ । उनीहरूका रचनामा यो दृष्टि एक पूर्ण र समाकलित(एउटै) आकार ग्रहण गर्दछ र त्यसमा विशिष्ट समाज, समूह र वर्गको चेतना समाहित हुन्छ (स्विडवुड, पृ.१५२) यसअनुसार विश्वदृष्टिलाई कुनै सिद्धान्त, वाद वा प्रख्यात लेखक तथा दार्शनिकद्वारा प्रदान गर्दछ । उनीहरूको रचनामा यो एकाकार भएर रहन्छ । यसले जीवनको एक पाटाको नभई समग्र जीवनको अध्ययन गर्दछ जहाँ विशिष्ट समाज र वर्गको चेतना सम्मिलित हुन्छ । मैनेजर पाण्डेय (सन् २००६) का अनुसार विश्वदृष्टि सामाजिक वर्गको जीवनमा निहित हुन्छ तर त्यो दर्शन, कला र साहित्यमा व्यक्त हुन्छ त्यसैले विश्वदृष्टिको खोजको आरम्भ कृतिबाट हुन्छ, वर्गको अध्ययनबाट हुँदैन (पृ.१४९) । यसरी पाण्डेयले विश्वदृष्टिको निर्माणमा निश्चित कालखण्डको समाज वा वर्ग जिम्मेवार हुने बताउँछन् । सामाजिक वर्गको जीवनमा विश्वदृष्टि निहित भए पनि त्यसलाई समाज स्वयम्ले व्यक्त नगरी लेखकहरूले कला र साहित्यमा अभिव्यक्त गर्ने हुनाले विश्वदृष्टिको अध्ययनका लागि वर्ग वा समाज अध्ययन गर्ने नभई रचनाको अध्ययन गर्नुपर्ने बताउँछन् । मैनेजर पाण्डेय,सन् (२००६) का अनुसार गोल्डमान विश्वदृष्टि र समानधर्मिताका प्रसङ्गमा बारबार सुसंगतिको चर्चा गर्दछन् र उसको कसीमा साहित्यिक कृतिको जाँच गर्दछ । उनी यो मान्दछन् कि महान् रचनामा अधिक संरचनात्मक सुसङ्गति हुन्छ । पृ.१५१) । कृति मूल्यवान् एवम् महान् हुनका लागि कृतिमा अभिव्यक्त विश्वदृष्टि र सामाजिक संरचनाबिच जति सङ्गति अर्थात् मेल हुन आवश्यक छ । संरचनाको समानधर्मिताका लुसिएँ गोल्डमानको भनाइलाई उदधृत गर्दै सञ्जीव उप्रेती (२०६८) लेख्छन् : " ती सबै लेखक कलाकारलाई हामी आफ्नै वर्गको मानसिक संरचनालाई व्यक्त गरिरहेका छौँ " भन्ने प्रस्ट चेतना नहुन पनि सक्छ । (पृ.१६४) । कृतिका सबै रचनाकारले कृति रचनाका क्षणमा आफ्नो वर्गप्रति सचेत भएरै लेख्छन् भन्ने हुँदैन । ऐतिहासिक घटनाक्रम र सामाजिक परिवेशको खास अवस्थाअनुसार विश्वदृष्टिको निर्माण हुने भएकाले अर्धचेतन अवस्थामै पनि लेखकले कृतिमा एक खाले मानसिक संरचनालाई अभिव्यक्त गर्छन् । यसरी विश्वदृष्टि खास सामाजिक एवम् वर्गीय परिवेशमा विकास हुने सामूहिक चेतना हो । जसको निर्माता स्वयम् वर्ग वा समुदाय नै हुन् र यस्तो चेतनाले बाह्य समाजसँग संरचनात्मक समानता राख्छ । प्रस्तुत लेखमा पारिजातद्वारा लिखित *साल्गीको बलात्कृत आँसु* कथामा विश्वदृष्टिको निर्माण कुन वर्ग वा समुदायमा कसरी भएको छ र यस कृतिले तत्कालीन समाजको संरचनासँग के कति समानधर्मिता कायम गरेको छ र सम्भावित यथार्थ कस्तो छ भन्ने सैद्धान्तिक आधारसहितको ढाँचामा केन्द्रित भई यसको अध्ययन गरिएको छ ।

## परिणाम तथा छलफल

### *साल्गीको बलात्कृत आँसु* कथामा विश्वदृष्टिको निर्माण

*साल्गीको बलात्कृत आँसु* कथा एउटी सीमान्तीकृत गाम्रीण युवती साल्गीलाई सहरमा गलैँचा बुन्ने काम लगाइदिने प्रलोभनमा पारी नारी अस्मितालाई लिलाम गर्ने ल्वागैं घर्तीजस्ता दलाल आफ्नै वरिपरि रहेको र जसले सोझा ग्रामीण युवतीहरूलाई कोठीमा लगेर बेचेर उनीहरूले विसङ्गत र नारकीय जीवन भोग्नु परिरहेको विसङ्गत परिवेशसँग सम्बन्धित छ । खासमा कृतिको विश्वदृष्टिको प्रसङ्ग पनि कोठीमा नारीहरू बलात्कृत भएर बाँच्नु परिरहेको र ल्वागैं जस्ता दलाललाई समाजले चिन्न नसकेको घटनासँग जोडिएर आएको देखिन्छ । कथाकारले वेश्यालयको विसङ्गत परिवेशलाई कथामा यसरी प्रस्तुत गरिएको छ :

> वेश्यालयभित्रको दिन कति एक रस, कति नीरस, कति उजाड, असंख्य व्यथा, आँसु, विविशता र मनको धोकोहरूले अचानो पारेको पर्खाल, भरेङ र मफ्फेरीहरू लिएर एउटा सानो कारावास बनेको हुँदो हो जहाँ असंख्य पवित्र आत्मारुहरूले बिना अपराध आजीवन कारावासको सजाय पाउँछन्, जहाँ निरपराधहरूले सधैं मानसिक र शारीरिक यन्त्रणा एकनास भोगिरहेका हुन्छन्, साल्गी जस्तैहरूको कौमार्य रगतले सिँगारिएका कोठाहरूमा घोर विसङ्गत क्षणहरू हाई काढ्दै बाँच्दा हुन् । ती पवित्र आत्माहरू सिफिलिस, तिरस्कृत, मूल्यहीन मृत्यु र बेवारिस लाश भएर जीवनको टुङ्गो लगाउनुपर्ने । (पृ.२०८)

प्रस्तुत कथांशमा कथाकारले एक चेतनशील नारी वर्गको प्रतिनिधित्व गरेकी छन् र वेश्यालयमाबेचिएका नारीहरूलाई कोठी कारावाससमान बन्ने विचार अभिव्यक्त गरेकी छन् । कारावास त अपराधीहरूले सजाय पाउने ठाउँ हो तर कोठीलाई निरपराधीहरूले सजाय पाउने ठाउँका रूपमा चित्रण गर्दै कोठीमा बेचिएका नारीहरूले साल्गीले जस्तै बलात्कृत भएर तिरस्कृत, मूल्यहीन र बेवारिस लाशजस्तो भएर विसङ्गत जीवन बाँच्नु पर्ने अवस्था सिर्जना हुनु अत्यन्त दुखद रहेको विचार कथाकारको रहेको छ जुन लेखकीय विश्वदृष्टिका रूपमा अभिव्यक्त भएको छ । "सरदार र दलालहरू सधैं भनिरहदा हुन् 'आखिर क्या फरक है तुम लोगो का जीवन बाहर और भीतर ?"( पृ.२०८) । यसो भनिरहँदा तत्कालीन नारीहरूले भोग्नुपरेको अवस्था समाजमा पनि कम दर्दनाक थिएन भन्ने खुलासा लेखकले गरेकी छन् । साल्गीले भोग्नुपरेको शारीरिक एवम् मानसिक यन्त्रणाको सापेक्षतामा उसमा चेतना निर्माण भएको कथाकारले प्रस्तुत गरेकी छन् । कथाकारले कथाको अन्त्यभन्दा केही अगाडि लेख्छिन् :

> साल्गीलाई उठ्ने खाने केही गर्ने पनि जाँगर चल्दैन त्यसै पनि जीवनप्रतिको जिज्ञासा नाउँको भावना वेश्यालयमा हुँदैन जतिसुकै नुहाए पनि धोए पनि यहाँको फोहोरी वातावरण फेरिने होइन क्यार, मनको पवित्रता कसले देखोस् । दिनभरि आलस्यतालाई यता फर्काऊ, उता फर्काऊ, अर्को कुनै ईलम छैन । घोर विसङ्गतिको अनुभव हुन थाल्छ साल्गीलाई तर ऊ परिभाषा गर्न जान्दिन । (पृ.२०८)

प्रस्तुत कथांशमा कथाकारले साल्गीले वेश्यालयमा वर्षदिन सास्ती बिताउँदै गर्दा उसमा विसङ्गति अनुभूति हुन थालेको प्रस्तुत गरेकी छन् । साल्गी अशिक्षित सीमान्तीकृत ग्रामीण युवती भएकीले विसङ्गति अनुभूति भए पनि त्यसलाई परिभाषा गर्न जान्दिन भनेर उसमा स्पष्ट चेतना विकास हुँदै गरेको देखाइएको छ । खासमा यहाँ कथाकारको चेतनाले ठुलो काम गरेको देखिन्छ । विसङ्गतिका बीचबाटै अस्तित्वको खोज गर्नुपर्ने विसङ्गतिवादी अस्तित्ववादी लेखकीय विचारधारासमेत विश्वदृष्टिका रूपमा अभिव्यक्त भएको देखिन्छ ।

*साल्गीको बलात्कृत आँसु* कथाको अन्त्यमा भने वेश्यालयमा भारतीय लोग्ने मान्छेहरूसँग रातदिन बिताउनु परेको पीडादायी एवम् विसङ्गत अनुभवका बिच साल्गीमा आक्रोश उत्पन्न भएको छ । साल्गीले आक्रोशित भएर भन्छिन् " के कसैले पनि ल्वागैं घर्ती र म गाउँबाट सँगै हराएको थाहा पाएन ? के लवागैं घर्तीलाई मेरा गाउँलेहरू अब कहिल्यै चिन्दैनन् ? किन ? ल्वागैं घर्तीले पापको फल किन भोग्दैन ? किन ल्वागैं घर्तीलाई खुकुरीले छपक्कै काटेर दुई टुक्रा बनाइँदैन ?" (पृ.२०९) प्रस्तुत कथांशमा आक्रोश मात्रै अभिव्यक्त छैन चेतनासमेत प्रतिविम्बित छ । वेश्यालयमा अनेकौं पटक बलात्कृत भएर शारीरिक र मानसिक सास्तीकै परिणति उसमा आफूले वेश्यालयमा यति लामो विसङ्गत जीवन बिताइरहनुमा ल्वागैं मात्र नभई गाउँलेहरूसमेत जिम्मेवार देख्छे । ऊ ल्वागैंप्रति आक्रोशित छे नै, गाउँलेहरूप्रति पनि आक्रोशित बनेकी छे । यसबाट गाउँले समुदायमा चेतना निर्माण भएको देखिँदैन । यहाँ समुदाय स्तरमा विश्वदृष्टि निर्माण भएको देखिँदैन त्यसैले साल्गीले गाउँलेहरूले कहिल्यै चिन्दैनन् ? किन ल्वागैंजस्ता दलालहरूलाई सम्पूर्ण गाउँलेले नचिन्दासम्म नारीहरूले नारकीय जीवन भोग्न विवश हुने विचार साल्गीको रहेको छ जुन वेश्यालयमा नारकीय जीवन बिताइरहेका

नारीहरूको प्रतिनिधि विचार हो । यो हुन सक्छ, समुदाय स्तरका नारीहरूमा त्यो चेतना निर्माण नभएको होस् । यहाँ साल्गीको विचारसँगै मिसिएर लेखकीय विश्वदृष्टिसमेत अभिव्यक्त भएको छ । लेखक स्वयम् नारी हुन् । लेखक चेतनशील भएकीले नै साल्गीमा जुन चेतना निर्माण भएको छ त्यो लेखककै चेतनाको अभिव्यक्तिसमेत हो । ल्वागैं जस्ता नारी बेचुवा दलालहरूलाई सिङ्गो समाजले चिनेर उसको अन्त्य गरेर नै नारीमुक्ति सम्भव हुने लेखकको विचार नै साल्गीका माध्यम व्यक्त भएको देखिन्छ । यहाँ लेखकले सिङ्गो उत्पीडित नारी, चेतनशील नारी मात्र नभई सचेत समाजकै प्रतिनिधि विचार व्यक्त गरेकी छन् जुन सामूहिक चेतनाका रूपमा विश्वदृष्टिका रूपमा अभिव्यक्त भएको देखिन्छ । कथाकै एक सन्दर्भमा प्रस्तुत भएको छ " आखिर क्या फरक है तुम लोगोँका जीवन बाहर और भीतर ?" (पृ.२०९) । प्रस्तुत कथांशमार्फत कथाकारले तत्कालीन समाजमा नारीहरूको अवस्था वेश्यालयको भन्दा खासै भिन्न नभएको दर्दनाक र शर्मनाक अवस्था प्रस्तुत गर्दै समाजप्रति आक्रोश र खिसिट्युरी गरेकी छन् । साल्गी जस्ता नारीले वेश्यालयमा मात्र नभई सामाजिक जीवनमै नारकीय जीवन बाँचिरहेको तर्फ इङ्गित गर्दै वेश्यालयबाट मात्र नभई सामाजिक जीवनबाटै नारीशोषणको अन्त्य हनुपर्ने विचार व्यक्त गरेकी छन् । पितृसत्ताको वर्चस्व रहेको आजको उपभोत्तावादी समाज अनि विश्वमा नारीलाई केवल उपभोग्य वस्तुको रूपमा लिने प्रवृत्तिको अन्त्य हुनुपर्ने धारणा कथाकारले राखेकी छन् । विश्वदृष्टि निर्माणका सन्दर्भमा कथाभित्रको सङ्केत गरिएको जुन गाउँले समाज छ त्यहाँ विश्वदृष्टिको निर्माण अझै हुन नसकेको देखिन्छ । कथाकार स्वयम्ले नारीवर्गको प्रतिनिधित्व गर्ने भएकीले कथाकारबाटै विश्वदृष्टि निर्माण भएको देखाइएको छ ।

*साल्गीको बलात्कृत आँसु* २०४० सालमा प्रकाशित भएकाले पञ्चायतकालीन पृष्ठभूमिमा लेखिएको कथा हो । समयावधिलाई उल्लेख गर्ने हो भने वि.सं. २०३० को दशकको घटना मान्न सकिन्छ । त्यतिखेर ग्रामीण समाजका छोरीहरूलाई विद्यालय पढाउने चलन नगन्य मात्र थियो । साल्गीले पनि बाखा गोठालो भएर बाबुआमालाई सघाउँथी । पञ्चायत कालको अन्तिम दशकसम्म पनि ग्रामीण नेपाली समाजमा छोरीहरूलाई पढाउनुपर्छ भन्ने चेतना जागृत भइसकेको थिएन । पन्ध्रसोह्रवर्षकै उमेरमा छोरीको विवाह गरिदिने चलन व्याप्त थियो । यो कथा मानवबेचबिखनसँग जोडिएको कथा हो । यस कथाको ल्वागैं भन्ने दलाल पक्राउ नपर्नुमा तत्कालीन समाजमा जागृतिको कमी पनि हो । पञ्चायतकालीन पृष्ठभूमिमा ग्रामीण समाजमा अन्यायअत्याचारका विरूद्धमा लड्ने चेतनाको अभाव थियो । यसै सापेक्षतामा कथामा गाउँलेहरूमा विश्वदृष्टिको निर्मिति भएको देखिँदैन । यहाँ सचेत नारी वर्गका प्रतिनिधिका रूपमा लेखक साल्गीको विसङ्गतिबोध, जीवनबोध र समाजबोधबाट नै विश्वदृष्टिको निर्माण भएको देखाइएको छ ।

**संरचनाको समानधर्मिता**

साल्गीको बलात्कृत आँसुमा महिलाहरूले भोग्नुपरेको शारीरिक एवम् मानसिक शोषण र त्यसले निर्माण गरेको चेतना विश्वदृष्टिका रूपमा प्रकट भएको छ । पञ्चायतकालीन परिवेशमा गाउँले छोरीहरू वञ्चित भएर गाईवस्तु पाल्ने र घाँसदाउरा गरेर आमाबुबालाई सघाउनुपर्ने समाजको यथार्थ हो । पन्ध्रसोह्र वर्ष पुग्नेबित्तिकै छोरी माग्ने चलन त्यसबेलाको यथार्थ हो । कथामा साल्गीले पनि बाखा चराएर आमाबाबुलाई सघाइरहेकी हुन्छे । उसलाई पनि धेरैले माग्न आए तर आमाबुबाले आफ्नै मामाको घरमा छोरी सुखले बस्छे भन्दै मामाकै छोरासँग विवाह गरिदिने तय गरेका थिए । कथामा प्रस्तत गरिएझैं तामाङ जातिमा त्यतिबेला मामाचेली र फुपूचेलीमाथि हक लाग्छ भन्ने चलन व्याप्त थियो । यद्यपि वर्तमानमा त्यो चलन नगन्य मात्र देख्न सकिन्छ । कथाको खलपात्र ल्वागैं घर्ती साल्गीकै गाउँको हो । उसले साल्गीलाई बाखा चराउँदै गरेको ठाउँमा नेपालमा गलैँचा कारखाना खुलेको र पहिलो महिनामै चार सय रूपियाँ पाउने प्रलोभन देखाउँछ । केही समयपछि नै उसले साल्गीलाई झुक्याएर नेपाल सहर होइन कि नेपालको सीमा नै कटाएर भारतमा कोठीमा लगेर बेच्छ तर आफू भने भागेर

हिँड्छ । ल्वागेँजस्ता दलाल चेलीबेचुवाहरूले आफ्नै गाउँका चेली बेच्ने जुन कुकृत्य गरेको छ त्यो तत्कालीन नेपाली समाजको यथार्थ हो । गाउँले युवतीहरू आफ्नै गाउँले र आफन्तबाटै बेचिएका थुप्रै उदाहरण नेपाली समाजमा देखिन्छन् । गलैंचा बुनेर पैसा कमाइन्छ भन्ने सोचेर ल्वागेँ घर्तीको कुरामा फकिएर गाउँ छोड्नु तत्कालीन समाजको यथार्थ हो । अहिले पनि तामाङ जातिका थुप्रै चेलीहरू गलैंचा बुन्ने काममा लागेका देखिन्छन् । ल्वागेँ घर्तीले जसरी साल्गीलाई गलैंचा बुन्ने काममा लगाउँछु भन्दै भुक्याएर वेश्यालयमा बेच्यो त्यस्तै नभए पनि अहिले पनि सिन्धुपाल्चोक लगायतका विकट गाउँका चेलीहरूलाई गाउँका चिनजानका व्यक्तिले मात्र नभई आफ्नै आफन्त र श्रीमानले समेत भारतका वेश्यालयमा बेचेर उनीहरूको जीवन नारकीय तुल्याएको यथार्थ देख्न सकिन्छ । वेश्यालयमा पटकपटक बलात्कृत भएर साल्गीले भोग्नुपरको मानसिक र शारीरिक सास्ती अद्यापि वेश्यालयमा बेचिएका नेपाली चेलीहरूले भोग्नुपरेको दुःखद यथार्थ हो । कोठीबाट निस्कने भाग्ने प्रयास गर्न नसक्नु र पटकपटक बलात्कृत भएर घोर विसङ्गतिको अनुभवमा बाँच्न विवश हुनु र अन्ततः ल्वागेँप्रति मात्र नभई सिङ्गो गाउँलेहरूप्रति आक्रोश हुनु जस्ता साल्गीका मानसिक संवेगआवेगहरू वर्तमानमा कोठीमा बेचिएका चेलीहरूको भोगाइसँग साधर्म्य राख्तछन् । यसैगरी कथामा दलाल ल्वागेँलाई गाउँलेहरूले चिन्न नसकेको जुन सन्दर्भ छ तत्कालीन समाजमा त्यसले सादृश्य राख्तछ । २०३० को दशकमा सीमान्तीकृत तमाङहरूले साल्गी बेच्ने ल्वागेँ घर्तीलाई सोधखोज गरी भारतसम्म पुग्नु र उसलाई सजायको कठघरामा उभ्याउनु लगभग असम्भव नै थियो । यसले पनि कथाको समाजसँग साधर्म्य राख्तछ । कथामा कथाकारले जुन सम्भावित यथार्थ देखाएकी छन् त्यो सम्भावित यथार्थ वर्तमानमा भने यथार्थमा परिणत भएको देखिन्छ । प्रजातन्त्रको पुनःस्थापनापछि ल्वागेँजस्ता दलालहरू समातिएर कानुनी कठघरामा उभ्याइएको यथार्थ पनि पाइन्छ । कथाको अन्त्यमा साल्गीमार्फत् कथाकारले ल्वागेँ घर्तीजस्ता दलाललाई चिनेर अन्त्य गर्न नसकेसम्म हजारौँ नेपाली नारीहरूले कोठीको नारकीय जीवन बिताउन बाध्य हुन्छन् भन्ने विचार गरेकी छन् । यो चेतना तत्कालीन समुदायमा भने आएको देखिँदैन तर सचेत र उत्पीडित नारीवर्गमा भने अवश्य थियो । वर्तमानमा भने कथाकारले कथामा अभिव्यक्त गरेको चेतना समुदायमा विश्वदृष्टिका रूपमा विकास हुँदै गएको देख्न सकिन्छ ।

यसरी गाउँले छोरीचेलीहरू पढ्नबाट वञ्चित भएर घाँसदाउरा र गोठाला गर्नुपर्ने, पन्ध्रसोह्र वर्षकै उमेरमा छोरीलाई माग्न आउने, मामाचेलीमा हक लाग्छ भन्ने, सोभ्का सीमान्तीकृत युवतीहरूलाई सहरमा गलैंचा बुन्ने काममा लगाउँछु भन्दै कोठीमा लगेर बेच्ने, ल्वागेँ घर्तीलाई गाउँलेहरूले सोधखोज गरेर सजाय दिन नसक्नु, बेचिएका नारीहरूले शारीरिक र मानसिक यन्त्रणा सहँदै विसङ्गत जीवन बिताउन बाध्य हुनु, कोठीमा बेचिएकी साल्गीको मन आक्रोशित हुनु, भाग्नु पाउने मौकाको पर्खाइमा हुनु जस्ता सन्दर्भहरूले समाजको सामाजिक संरचनासँग समानधर्मिता राखेको देखिन्छ ।

**सम्भावित यथार्थ**

*साल्गीको आँसु कथामा* पञ्चायतकालीन नेपाली समाजको यथार्थ प्रस्तुत गरिएको छ । यस कथामा नारी वर्गको केन्द्रीयतामा विश्वदृष्टिको निर्माण भएको छ । साल्गीले नारकीय जीवन बिताउन बाध्य हुनु, नेपाल सहरमा काम लगाइदिने प्रलोभनमा गाउँबाट भारत पुऱ्याएका ल्वागेप्रति तीव्र आक्रोश उत्पन्न हुनु, हतियारले क्षतविक्षत पारेको कल्पना गर्नु, किन कसैले ल्वागेको कर्तुतलाई कहिल्यै कसैले चिन्दैनन् भन्दै आक्रोश व्यक्त गर्नु जस्ता मानसिक आवेगहरूले ऊ त्यहाँबाट कसैगरी उम्कन चाहेकी र उम्कन सम्भावित यथार्थ प्रस्तुत गरिएको छ । साल्गीमा आएको जीवनबोध, ल्वागेप्रतिको चर्को आक्रोशले ऊ कोठी निस्कने उपायको खोजीमा रहेकी देखिन्छ । उसले त्यहाँबाट निस्केर पुनः आफ्नै देश र गाउँ फर्किन सक्ने, ल्वागेलाई सजाय दिलाउन सक्ने सम्भावना उसको आक्रोशबाट ध्वनित भएको छ तर सम्भावित यथार्थका लागि साल्गीले बाह्य सङ्घर्ष गर्न सकेकी छैन तर उसको

अन्तर मनमा उब्जेको आक्रोशले ऊ मुक्त भएर ल्वागेलाई सजाय दिन र दिलाउन समेत सक्ने सम्भावित यथार्थ आकलन गर्न सकिन्छ ।

## निष्कर्ष

*साल्गीको बलात्कृत आँसु* कथा नारी वर्गको केन्द्रीयतामा रचिएको यथार्थ प्रतिविम्बित सामाजिक कथा हो । साल्गीले गाउँमा छोरी भएर भोग्नुपरेका यथार्थदेखि ल्वागेँ घर्तीबाट कोठीमा बेचिएर नारकीय जीवन बिताइरहेको विवशतासँग २०३०/२०४० को दशकमा घटेका घटनासँग समानधर्मिता राख्दछ । तत्कालीन परिवेशमा नारीहरूले कोठीमा मात्र नभई सामाजिक जीवनमा समेत विभेद र उत्पीडन सहनुपरेको यथार्थ कथामा प्रस्तुत गरिएको छ । पितृसत्तात्मक र उपभोक्तावादी समाजले नारीलाई उपभोग्य वस्तु समान ठानेको छ । ल्वागेँ घर्तीजस्ता दलालकै कारण साल्गीजस्ता कैयौँ नेपाली चेलीहरूले भारतका वेश्यालयहरूमा नारकीय जीवन बिताउन विवश बनेका छन् तर कति ल्वागेँ घर्तीहरूलाई समाजले चिन्दैनन्, यस यथार्थप्रति कथाकारको तीव्र आक्रोश साल्गीमार्फत अभिव्यक्त भएको देखिन्छ । ल्वागेँजस्ता दलाललाई सिङ्गो समाजले नचिनेसम्म र सजायको कठघरामा नउभ्याएसम्म नेपाली चेलीहरूले वेश्यालयहरूमा नारकीय जीवन बिताउन बाध्य हुन्छन् भन्ने विचार नारीवर्गको वा समुदायको विश्वदृष्टिका रूपमा आएको देखिन्छ । साल्गी एक नारी भए पनि उसले वेश्यालयमा बेचिएका सम्पूर्ण नारीवर्गको प्रतिनिधित्व गरेकी छ । यति मात्र होइन, उसले समाजकै उत्पीडित नारी वर्गको पनि प्रतिनिधित्व गरेकी छ । कथाको अन्त्यमा ल्वागेँ घर्तीलाई समाजले चिनेर सजाय दिनुपर्ने तब मात्र चेलीहरू नारकीय जीवनबाट बच्ने विचार वा विश्वदृष्टि लेखकको मात्र होइन, सम्पूर्ण नारीवर्गको हो । कथाभित्रको समाजमा यो स्पष्ट विश्वदृष्टि निर्माण भएको भने देखिँदैन तापनि यहाँ साल्गी उत्पीडित नारीवर्गको प्रतिनिधि भएकीले उसको विचार सामूहिक विचार वा विश्वदृष्टि नै हो भन्न सकिन्छ । यस कथामा कथाकारले उत्पीडित साल्गीजस्ता नारी पात्रकै पक्षमा परिवर्तनगामी र प्रतिरोधी विश्वदृष्टि अभिव्यक्त गरेकी छन् । साथै यस कथामा साल्गीले तत्कालीन समाजको शोषित नारी पात्रको प्रतिनिधित्व गरेकीले संरचनाको समानधर्मिता समेत रहेको देखिन्छ ।

## सन्दर्भ सामग्री


उप्रेती, सञ्जीव (२०६३), *सिद्धान्तका कुरा,* अक्षर क्रियसन नेपाल ।

गोल्डमान, लुसिएँ (सन् १९८०), *एस्से अन मेथड इन द सोसियोलोजी अफ लिटेरेचर,* टेलोस् प्रेस ।

जैन, निर्मला (सन् १९९२), *साहित्य का समाजशास्त्रीय चिन्तन,* (द्वितीय संस्क.), दिल्ली विश्वविद्यालय ।

पाण्डेय, ताराकान्त (२०७३), *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र,* साझा प्रकाशन ।

पाण्डेय, मैनेजर (सन् २००६), *साहित्य के समाजशास्त्रकी भूमिका, (प्रथम संस्क.१९९८), हरियाना साहित्य अकादमी।*

पारिजात (२०७३) *पारिजातका सङ्कलित रचनाहरू,* काठमाडौँ : फिनिक्स बुक्स ।

स्विंगवुड, एलेन (२०२३),'उपन्यास का समाजशास्त्र : कुछ समस्याएँ,' गरिमा श्रीवास्तव (सम्पा.), *उपन्यासको समाजशास्त्र,* वाणी प्रकाशन, पृ १२९–१६१ ।